बेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
प्रदेश नं. १, नेपाल

प. सं. २०७९/०८०(प्रशासन शाखा)
च.नं.

मितिः २०७९/१०/२६

## न्यूनतम रोजगारमा संलग्न हुनका लागि निवेदन दिने बारे सूचना।

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा (११), रोजगारीको हक सम्बन्धी नियामावली (दोस्रो संशोधन), २०७७ को नियम (७) तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका ,२०७५ (दोस्रो संशोधन, २०७८) को दफा (१८) मा उल्लेख भए अनुसार आ.व. २०८०/०८१ को बेरोजगार सूचीमा सूचिकृत भई न्यूनतम रोजगारीमा आवद्ध हुन इच्छुक १८ वर्ष पुरा भई ५९ वर्ष ननाघेका बेरोजगार व्यक्तिहरुले आफू बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा मिति २०७९ फाल्गुन १ गत्तेदेखि फागुन मसान्त सम्ममा निवेदन दिनुहुन अनुरोध छ। बेरोजगार व्यक्तिले सूचिकरणको लागि दिनुपर्ने निवेदन फाराम सम्पूर्ण वडा कार्यालयमा निःशुल्क प्राप्त गर्न सकिनेछ साथै प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ (दोस्रो संशोधन,२०७८) को अनुसूची १ वा वेवसाइट www.pmep.gov.np वा बेलका नगरपालिका रोजगार सेवा केन्द्रबाट समेत आवेदन फारम लिन सकिने छ।

**फारम भर्नका लागि चाहिने आवश्यक कागजातहरु**

१. नागरिकताको प्रतिलिपि (१ थान)
२. पासपोर्ट साइजको फोटो (१ थान)
३. अन्य जिल्लाबाट बसाई सरेर आएको भए बसाइ सराइ प्रमाण पत्रको प्रतिलिपि (१ थान)
४. अन्य जिल्लाबाट विवाह गरेर आएको भए विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपि (१ थान)
५. बैदेशिक रोजगारीबाट फर्केको भए भिजा लागेको प्रमाण खुल्ने गरी पासपोर्टको प्रतिलिपि (१ थान)
६. तालिम लिएको भए तालिमको प्रमाण पत्रको प्रतिलिपि
७. शैक्षिक योग्यताको प्रमाण पत्र भए सोको प्रतिलिपि
८. यदि निवेदक वैदेशिक रोजगारबाट फर्केका वा श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा देहाय बमोजिमको विवरण निवेदनको बुँदा नं २१ भन्दा तलको खाली ठाउँमा अनिवार्य रुपमा भर्नु पर्नेछ।

देशः...................... पासपोर्ट नः........................ विदेशमा गरेको कामसँग सम्बन्धि सीपः........................

**नोटः** बेरोजगार व्यक्तिले भर्नु पर्ने आवेदन फारममा भएका सम्पूर्ण विवरणहरु पूर्ण रुपमा नभरेमा त्यस्ता अपूर्ण फारमहरु रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) ले प्रविष्टि नलिने भएको हुँदा विवरणहरु पूर्ण भर्नु हुन अनुरोध छ। अपुर्ण विवरण भरेर आएका फारमहरु बेरोजगारको सूचीमा दर्ता नहुने हुँदा यसको जवाफदेही नगरपालिका वा रोजगगार सेवा केन्द्र हुने छैन। साथै गत वर्ष फारम भरेका व्यक्तिहरुले पनि आगामी आ.व. को बेरोजगार सूचीमा सुचिकृत हुँन इच्छुक भएमा अनिवार्य रुपमा यो फारम भर्नुपर्ने छ।

राम प्रसाद वाग्ले
प्रमुख प्रशासकीय अधिकृत

राम प्रसाद वाग्ले
प्रमुख प्रशासकीय अधिकृत

बेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर

प. सं. २०७९/०८०(प्रशासन शाखा)
च.नं. ८६६

प्रदेश नं. १, नेपाल

मिति: २०७९/१०/२६

**विषयः- सूचना टाँस गर्ने तथा बेरोजगार निवेदन फारम भराउने सम्बन्धमा ।**

श्री वडा अध्यक्ष ज्यू,
वडा कार्यालय सबै,
बेलका नगरपालिका रामपुर, उदयपुर ।

उपर्युक्त विषयमा बेलका नगरपालिका, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८०।०८१ का लागि बेरोजगारहरुको निवेदन यहि फाल्गुण १ गतेबाट संकलन गर्नुपर्ने भएकोले त्यहाँ वडामा टाँस गर्नका लागि सूचना र फारम भर्नका लागि निवेदन फारम पठाइएको व्यहोरा अवगत गराउदै सम्पूर्ण बेरोजगार नागरिकहरुलाई जानकारी गराई निवेदन संकलन गरी फागुन महिनाको मसान्त सम्म वास्तविक बेरोजगारको पहिचान गरी प्रमाणित गरेर वडाको सिफारिस सहित पूर्ण रुपमा भरिएका फारमहरु नगरपालिकाको रोजगार सेवा केन्द्रको कार्यालयमा उपलब्ध गराई दिनहुन अनुरोध छ।

**नोटः** सम्पूर्ण भरिएका फारमहरु चैत्र महिना भित्र EMIS System मा प्रविष्टि गरिसक्नु पर्ने भएकोले र अपूर्ण रहेका फारमहरु System मा प्रविष्टि नलिने भएकोले पूर्ण रुपमा भरिएका फारमहरु मात्र उपलब्ध गराउनु हुन अनुरोध छ। साथै गत वर्षमा फारम भरेका व्यक्तिहरुले पनि आगामी आ.व. को बेरोजगार सूचीमा सुचिकृत हुन इच्छुक भएमा अनिवार्य रुपमा यो फारम भर्नुपर्ने छ ।

राम प्रसाद वाग्ले
प्रमुख प्रशासकीय अधिकृत

राम प्रसाद वाग्ले
प्रमुख प्रशासकीय अधिकृत

Website: www.belakamun.gov.np E-mail: belakamun@gmail.com